## पाचौं गाउँसभाका निर्णयहरु :

**प्रस्ताव नं. १: नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।**

*निर्णय नं.१*

प्रस्ताव नं १ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाको मिति २०७५ असार १० गते आयोजित पाँचौ गाउँसभामा सभाध्यक्षद्धारा प्रस्तुत नीति तथा कार्यक्रम सभाका सदस्यज्युहरुवाट प्राप्त सुझावहरु समेत समेटी संशोधन सहित सर्वसहमतीले पारित गरियो ।(नीति तथा कार्यकमको पुर्ण पाठ अनुसुची १ मा उल्लेख गरिएको छ ।)

**प्रस्ताव नं.२: बजेट वक्तव्य पारित गर्ने सम्बन्धमा ।**

*निर्णय नं.२*

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाको मिति २०७५ असार १० गतेको पाँचौ गाउँसभामा उपाध्यक्ष्यज्यु द्धारा प्रस्तुत बजेट वक्तव्यमा आवश्यक संशोधन सहित सर्वसम्मत रुपमा पारित गरियो । बजेट वक्तव्यको पुर्णपाठ अनुसुची २ मा उल्लेख गरे बमोजिम हुनेछ ।

**प्रस्ताव नं.३: आर्थिक ऐन, २०७६ सम्बन्धमा ।**

*निर्णय नं.३*

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाको राजस्व परामर्श समितिले गाउँसभा समक्ष पेश गरेका करका दरहरुलाई सोहि रुपमा पारित गरी २०७६ साल श्रावण १ गतेवाट गाउँपालिका क्षेत्रभित्र लागु गर्ने निर्णय सर्वसहमतीले पारित गरियो । करका दरहरु अनुसुची ३ मा उल्लेख गरे बमोजिम हुनेछन् ।

**प्रस्ताव नं. ४: विनियोजन ऐन, २०७६ सम्बन्धमा ।**

*निर्णय नं ४*

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाको पाँचौ गाउँसभामा पेश गरेको विनियोजन विधेयक, २०७६ पारित गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**प्रस्ताव नं. ५:वडागत योजनाहरु सम्बन्धमा ।**

*निर्णय नं.५*

प्रस्ताव नं ५ माथि आवश्यक छलफल गर्दा सात वटै वडाका वडा समितिहरुवाट सिफारिस भई आएका वडागत योजनाहरु पारित गर्ने सर्वसम्मत निर्णय गरियो । वडास्तरिय योजनाहरु र गाउँपालिका स्तरिय योजनाहरु अनुसुची ४ मा उल्लेख गरे अनुसार हुनेछन् ।

**प्रस्ताव नं. ६ बजेट बाँडफाँड सम्बन्धमा ।**

*निर्णय नं.६*

प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाको पाँचौ गाउँसभमा पेश गरिएको कुनै शिर्षकको एकमुष्ट रकम आबश्यक शिर्षकमा साउन र भाद्र महिना भरी वाँडफाँड गर्ने गरि गाउँकार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय सर्बसम्मत रुपमा पारित गरियो ।

**<u>प्रस्ताव नं. ७:</u> योजनाहरु सम्झौता गर्ने समयसिमा सम्बन्धमा ।**

***निर्णय नं.७***

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकामा आ.व..२०७६।७७ मा सञ्चालनमा आउने वडास्तरिय, गाउँपालिकास्तरिय योजनाहरुअनिवार्य रुपमा असोज १ देखि फागुन मसान्त सम्म सम्झौता गरिसक्नुपर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं. ८:</u>Estimate गर्ने तौर तरिका सम्बन्धमा ।**

***निर्णय नं.८***

प्रस्ताव नं ८ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकाभित्र सञ्चालन हुने योजनाहरुको लागत Estimate तयार गर्ने बेलामा अनिवार्य रुपमा जनप्रतिनीधी र उ.स.का पदाधिकारीको उपस्थितीमा गर्नुपर्ने र estimate नेपालीमा तयार पार्नुपर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं. ९:</u> ठेक्कापट्टा वाट काम गराउने सम्बन्धमा ।**

***निर्णय नं. ९***

प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकामा आगामी आ.व.मा सञ्चालनमा आउने योजनाहरु मध्ये १०-२० लाख सम्म लागतलाग्ने योजनाहरु सिलवन्दी दरभाउपत्र मार्फत र २० लाख भन्दा बढी लागत लाग्ने योजनाहरु ठेक्कापट्टा बाट सम्पन्न गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं. १०:</u> अविवाहित (एकल) महिला भत्ता सम्बन्धमा ।**

***निर्णय नं. १०***

प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकामा रहेका४० वर्ष उमेर पुगिसकेका अविवाहित (एकल) महिलाहरुलाई मासिक १ हजार भत्ता आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने गरि उपलब्ध गराउने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं. ११:</u>गाउँपालिकाको लागि पक्की भवन बनाउने सम्बन्धमा ।**

***निर्णय नं. ११***

प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाको च.नं. ४०६ मिति २०७६।०२।२८ को पत्र अनुसार आवासिय प्रयोजनको लागि लगानी साझेदारीमा भवन वनाउने शर्त सहित जिल्ला समन्वय समितिलाई पत्राचार गरे तापनिउक्त भवन आवासिय प्रयोजनको लागि नभई कार्यालय प्रयोजनको लागि भएकोले यस गाउँपालिकाको केन्द्र रहेको वडाको मण्डलीस्थानमा गाउँपालिकाको ४० प्रतिशत र जिल्ला समन्वय समितिको६० प्रतिशत लगानी साझेदारीमाभवन निर्माण गर्ने कार्यको लागि जिल्ला समन्वय समितीलाई पत्र मार्फत अनुरोध गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं. १२:</u>करारका कर्मचारीहरुको पदावधी तथा तलबवृद्धिसम्बन्धमा ।**

***निर्णय नं.१२***

प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकामा कार्यरत करारका कर्मचारीहरुको पदावधी थप तथा तलबवृद्धिसम्बन्धी निर्णय कार्यपालिका वैठकले गर्नेगरी अधिकार प्रदान गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं. १३:</u>म.ले.प. प्रतिवेदन सम्बन्धमा ।**

***निर्णय न १३***

**प्रस्ताव नं. १३**माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०७४।७५ को आर्थिक कारोवारको लेखापरिक्षणको प्रतिवेदनमा औल्याएका वेरुजुहरुमाथि छलफल गर्दा व्यक्तिहरु तथा विद्यालयहरुको नाममा आएको वेरुजुको सन्दर्भमा सम्बन्धित व्यक्तिहरुलाई रकम बैंक दाखिलाको लागि पत्र काट्ने तथा प्रतिवेदनमा बढि भुक्तानी भएका योजनाहरु भनी नाम उल्लेख भएर आएका योजनाका उपभोक्ता समितिका अध्यक्षलाई पत्र मार्फत वढी भएको रकम दाखिला गर्न लगाउने निर्णय सर्वसहमतीले पारित गरियो । साथै, वडा नं. ४ का कार्यालय सहायक श्री तेज कुमार सिंखडाको नाममा आएको बेरुजु रकम मध्ये उक्त ढुङ्गा, गि्टी, बालुवाको उत्खनन हुने क्षेत्रको रेखदेखको लागि खटाईएका तीन जना व्यक्तिहरुलाई पारिश्रमिक स्वरुप प्रदान गरिएको रु६,००,०००।- अक्षेरुपी छ लाख रुपैंया बरावरको भरपाई पेश गर्न छुट भएकोले आ.व.२०७५।७६ को म.ले.प.को लागि खटिइ आएको टोली समक्ष पेश गर्ने र उक्त रकममा जोडिएको हर्जना समेत कटौती गर्न माग गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं.१४:</u> वाँडफाँड संशोधन निर्णय अनुमोदन सम्बन्धमा ।**

***निर्णय नं.१४***

प्रस्ताव नं १४ माथि आवश्यक छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०७६।०२।२६ गतेको कार्यपालिका वैठकले वडा नं. १ को वडा कार्यालय भवन निर्माण शिर्षकमा विनियोजित रु ४५ लाखको कार्य नभएकोले उक्त शिर्षकमा विनियोजित रकम वाट विभिन्न सडकहरु तथा धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको D.P.R गर्ने प्रयोजनको लागि खर्च गर्ने गरी गरेको निर्णय अनुमोदन गर्ने तथा २०७६।०३।०३ गतेको गाउँकार्यपालिकाको निर्णय अनुसार चालु शिर्षक तर्फको जनचेतना तालिम गोष्ठि वापत विनियोजित सबै रु ६ लाख ५० हजार र कर्मचारी प्रोत्साहन भत्ता शिर्षक वाट रु ३ लाख ५० हजार भ्रमण खर्च शिर्षकमा र कर्मचारी प्रोत्साहन भत्ता शिर्षक वाटै रु ६ लाख कार्यालय सम्बन्धी खर्चमा परिवर्तन गर्ने निर्णय सर्वसहमतीले अनुमोदन गरियो ।

**<u>प्रस्ताव नं. १५:</u>प्राविधिक कर्मचारी थप गर्ने सम्बन्धमा ।**

***निर्णय नं. १५***

प्रस्ताव नं १५ माथि आवश्यक छलफल गर्दा यस गाउँीलकाको लागि आवश्यक ईन्जिनियर, सव ईन्जिनियर वा असिष्टेन्ट सव ई. गरि ५ जना सम्म प्राविधिक कर्मचारी थप गर्ने तथा भेटेरेनरी, कृषि लगायतका प्राविधिक कर्मचारीहरु स्विकृत दरवन्दि अनुसार आवश्यक प्रकृया पुरा गरि करारमा नियुक्ती गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**प्रस्ताव नं. १६:आर्थिक सहायता चन्दा पुरस्कार सम्बन्धमा ।**

*निर्णय नं.१६*

प्रस्ताव नं. १६ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाका अत्यावश्यक अवस्थामा अधिकतम ५ हजार रुपैँया सम्म आर्थिक सहायता चन्दा पुरस्कार उपलव्ध गराउने गरी उक्त शिर्षकमा रु ५,००,००० बजेट विनियोजन गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**प्रस्ताव नं. १७:C.L.C. स्थापना सम्बन्धमा ।**

*निर्णय नं. १७*

प्रस्ताव नं. १७ माथि आवश्यक छलफल गर्दा यस गंगाजुमना गाउँपालिकाको फुलखर्कमा C.L.C. स्थापनाको लागि शिक्षा विकास तथा समन्वय इकाईमा लेखी पठाउने निर्णय सर्वसहमतीले पारित गरियो।

**प्रस्ताव नं. १८:विधायन समिति, सुशासन समिति, लेखा समिति गठन गर्ने सम्बन्धमा ।**

*निर्णय नं.१८*

प्रस्ताव नं. १८ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकामा तल उल्लिखित पदाधिकारीहरु रहने गरि तपशिल बमोजिमका समितीहरुगठन गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

१) विधायन समिती
डम्बर बहादुर ढकाल - संयोजक
बुद्धि बहादुर घले - सदस्य
सिता सिंखडा- सदस्य

२) सुशासन समिती
दिपक तामाङ-संयोजक
विष्णु माया गुरुङ - सदस्य
राम ब. गुरुङ - सदस्य

३) लेखा समिती
कृष्ण बहादुर दाहाल - संयोजक
मरियम तामाङ- सदस्य
सरिता घले - सदस्य

**प्रस्ताव नं १९: खर्च अनुमोदन गर्ने सम्बन्धमा ।**

*निर्णय नं.१९*

प्रस्ताव नं. १९ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाको चालु आ.व. २०७५।७६ को जेष्ठ मसान्त सम्म चालु तर्फ भएको रु. २ करोड ५९ लाख ५० हजार र पुँजिगत तर्फ भएको रु १४ करोड ६२ लाख, १० हजार खर्च र केन्द्र शसर्त तर्फको जम्मा रु १२ करोड २०लाख ८० हजार खर्च अनुमोदन गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**प्रस्ताव नं. २०:संघ संस्थाहरुलाई कार्यसञ्चालनको लागि अनुमती दिने सम्बन्धमा ।**

***निर्णय नं २०***

प्रस्ताव नं. २० माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकामा आगामी आ.वं२०७६।७७ मा कार्यक्रम सञ्चालनको लागि गैरसरकारी संघ संस्थाहरुवाट यस गाउँपालिकामा अनुमती माग भई आएमा कार्यक्रमहरुको प्रभावकारीताको विश्लेषण गरि कार्यपालिका बैठकले निर्णय गरी अनुमती प्रदान गर्न सक्ने निणंय सर्वसहमतीले पारित गरियो ।

**प्रस्ताव नं.२१: वाँडफाँड संशोधन निर्णय अनुमोदन सम्बन्धमा ।**

***निर्णय नं.२१***

प्रस्ताव नं २१ माथि आवश्यक छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०७६।०२।२६ गतेको कार्यपालिका वैठकले वडा नं. १ को वडा कार्यालय भवन निर्माण शिर्षकमा विनियोजित रु ४५ लाखको कार्य नभएकोलेउक्त शिर्षकमा विनियोजित रकम वाट विभिन्न सडकहरु तथा धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको D.P.R गर्ने प्रयोजनको लागि खर्च गर्ने गरी गरेको निर्णय अनुमोदन गर्ने तथा २०७६।०३।०३ गतेको गाउँकार्यपालिकाको निर्णय अनुसार चालु शिर्षक तर्फको जनचेतना तालिम गोष्ठि वापत विनियोजित सबै रु ६ लाख ५० हजार र कर्मचारी प्रोत्साहन भत्ता शिर्षक वाट रु ३ लाख ५० हजार भ्रमण खर्च शिर्षकमा र कर्मचारी प्रोत्साहन भत्ता शिर्षक वाटै रु ६ लाख कार्यालय सम्बन्धी खर्चमा परिवर्तन गर्ने निर्णय सर्वसहमतीले अनुमोदन गरियो ।

**प्रस्ताव नं.२२: फुलखर्क स्वास्थ्य चौकीलाई पालिकास्तरीय अस्पतालको रुपमा स्तरोन्नती गर्न माग गर्ने सम्बन्धमा।**

***निर्णय नं.२२***

प्रस्ताव नं. २२ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाको वडा नं. ५ मा अबस्थित फुलखर्क स्वास्थ्य चौकीलाई पालिकास्तरिय अस्पतालको रुपमा स्तरोन्नती गर्नको लागि एक जना MBBS डाक्टर राख्नको लागि आवश्यक रकम विनियोजन गर्ने तथा अन्य आवश्यक पहलको लागि स्वास्थ्य मन्त्रालयमा पत्राचार गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**प्रस्ताव नं.२३: वडा नं.१ र ३ मा स्वास्थ्य चौकी माग गर्ने सम्बन्धमा ।**

***निर्णय नं.२३***

प्रस्ताव नं. २३ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकाका वडा नं. १ र ३ मा स्वास्थ्य चौकी नरहेको हुँदा स्थास्थ्य चौकी स्थापनाको लागि स्वास्थ्य मन्त्रालयमापत्राचार गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं २४</u> गत वर्ष समावेश नभएका योजनाहरुलाई भुक्तानी नदिने सम्बन्धमा ।**

***निर्णय नं २४***

प्रस्ताव नं. २४ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिकाको आ.व.२०७५।७६ को लागि समावेश नभएका कुनै पनि योजनाहरुको लागि भुक्तानी नदिने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं २५: कर्मचारी कल्याण कोष सम्बन्धमा ।</u>**

***निर्णय नं. २५***

प्रस्ताव नं. २५ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकामा कार्यरत सेवा करारका कर्मचारीहरुको गम्भिर प्रकृतीका रोगको लागि स्वास्थोपचार तथा अवकाश सुविधाको लागि आवश्यक रकम कर्मचारी कल्याण कोषमा विनियोजन गर्ने र आवश्यक कार्यविधि बनाएर मात्र उक्त कोष परिचालन गर्ने निर्णय सर्वसहमतीले पारित गरियो ।

**<u>प्रस्ताव नं.२६: सेवा करार कायम गर्ने सम्बन्धमा ।</u>**

***<u>निर्णय नं.२६</u>***

प्रस्ताव नं.२६ माथि आवश्यक छलफल गर्दा यस गंगाजमुना गाउँपालिकामा आ.व.२०७४।७५ वाट कार्यरत सव ईन्जिनियर श्री प्रकाश न्यौपानेलाई गाउँपालिकामा आ.व.२०७७ असार सम्मको लागि र सो भन्दा अगाडी नै स्थायी प्राविधिक कर्मचारी खटिई आएमा स्वतः हट्ने गरी प्रचलित तलव स्केल अनुसार सुविधा उपलब्ध गराउने तथा नियमानुसार चाडपर्व खर्च, महंगी भत्ता, पोशाक भत्ता समेत उलपब्ध गरी सेवा करारमा नियुक्ति गर्ने निर्णय सर्वसहमतीले पारीत गरियो ।

**<u>प्रस्ताव नं. २७आ.ब. ०७५/७६ को भुक्तानी हुन बाकी र सम्झौता हुन बाकी योजना सम्बन्धमा ।</u>**

***<u>निर्णय नं.२७</u>***

प्रस्ताव नं २७ माथि आवश्यक छलफल गर्दा आ.ब. ०७५/७६ मा सम्झौता भई भुक्तानी बाकी तथा आँशिक भुक्तानी भएका योजनाहरु तथा सम्झौता हुन बाकी तपशिल बमोजिमका योजनाहरुलाई आ.ब. २०७६/७७ मा समेत निरन्तरता दिने निर्णय सर्वसहमतीले पारित गरियो ।

**तपशिलः**

| **क्र.सं.** | **योजनाको नाम** | **विनियोजित रकम रु** |
|---|---|---|
| १. | गंगाजमुना क्षेत्र विकास योजना वडा नं.५ | रु २१,२९,८८२।- |
| २. | तीनखण्डे-फुलखर्क-गुम्दी जाली, ढलान तथा वाल वडा नं.५ | रु २१,००,०००।- |
| ३. | वडा कार्यालय भवन वडा नं.५ | रु १८,०८,३९१।- |
| ४. | देउराली भदौरे सामुदायिक भवन वडा नं.६ | रु. ३,००,०००।- |
| ५. | एक घर एक धारा खानेपानी योजना वडा नं.७ | रु २४,००,०००।- |
| ६. | बुढी खोला सुकौरा सिंचाई साहस सँग साझेदारीवडा नं. ७ | रु. ४,००,०००।- |
| ७. | मरनघाट घोरेटो वाटो वडा नं. ७ | रु ५०,०००।- |
| ८. | ठुलो पैरो पासिङ्गे सिंचाई वडा नं. ७ | रु ५०,०००।- |
| ९. | जनजागृती आ.वि.पैरो रोकथाम वडा नं. ७ | रु २,००,०००।- |